# बैजनाथ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रामपुर बाँके
लुम्विनी प्रदेश नेपाल

**विषय :** कर्मचारी आवश्यकता सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९.५.२०

सुरक्षित आप्रवासन सामी नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौताअनुसार सन्चालित कार्यक्रम हो । यो कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा सञ्चालित छ । सामी कार्यक्रमलाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ । यस सामी कार्यक्रम अन्तर्गत बाँके जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धीबैजनाथ गाउँपालिका वैदेशिक रोजगार सम्वन्धी सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परमर्श सेवा, वित्तिय साक्षरता सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ ।

| क्र. सं. | बिज्ञापन नं / पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | ०१-०७९/८० मनोसामाजिक परामर्शकर्ता | १ (महिला) | **सामी कार्यक्रम अन्तर्गत मनोसमाजिक परामर्श सम्बन्धी ६ महिना तालीम प्राप्त मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:**<br>▪ कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको।<br>**नयाँ मनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धी व्यवस्था:**<br>नयाँ मनोसमाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ। जुन निम्नानुसार छ:<br>▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड. स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ। यो पदमा दरखास्त दिनेको उमेर १८ बर्षपुरा भइ ४० बर्ष ननाघेको हुनु पर्ने छ / |
| २ | ०२-०७९/८० वित्तीय साक्षरता सहजकर्ता | १ (महिला) | न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। यो पदमा दरखास्त दिनेको उमेर १८ बर्षपुरा भइ ४० बर्ष ननाघेको हुनु पर्ने छ / |
| ३ | ०३-०७९/८० रिटर्नी स्वयंसेवक (आंशिक) | ३(महिला) | न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको ।<br>सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। यो पदमा उमेरको हदबन्दी हुने छैन |

१. **कार्य अवधि:** हाललाई २०८० असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ ।

२. **परिक्षाको किसिम:** लिखित, अन्तवार्ता र प्रयोगात्मक

३. **तलव तथा अन्य सुविधा: कार्यक्रमको नियमानुसार ।**

**आवश्यक कागजातहरु:** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित मनोसामाजिक परामर्शकर्ता , वित्तीय साक्षरता सहजकर्ताले रु ५०० राजस्व तिरेको रशिद , रिटर्नी स्वयंसेवक (आंशिक) को लागि रु ३०० तिन सय राजव तिरेको रशिद बैजनाथ गाउँकार्यपालिकाको कार्यालयमापेश गर्नु पर्नेछ .

४. तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

५. **छनौट प्रक्रिया:** प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्वन गरिनेछ ।

६. **दरखास्त दिने अवधि :** २०७९/०५/२० देखि २०७९।०६।०३ गतेका दिनं कार्यालय समय भित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

२०७९/५/१९
दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत